स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री केकी अधिकारी, अञ्जना बराइलीले निर्देशक दिपक आचार्यसँग काम नगर्ने भन्दै स्ट्याटस लेखे। उनीहरुले सामाजिक सञ्जाल फेसबुकमा मंगलबार स्ट्याटस लेखेका हुन्। केही समयअघि निर्देशक आचार्यले केकी र अञ्जनासँग आजको मितिबाट कहिल्यै काम गर्ने छैन भनेर पोष्ट गरेका थिए। त्यस्तै अभिनेत्री केकी र अञ्जनाले निर्देशक आचार्यसँग कसैले काम नगर्दा हुन्छ भन्ने पोष्ट गरेका थिए।

**आजको विचार...**



जेन...
(दुई पेजमा)

पदम न्यौपाने

चलचित्र 'वरिष्ठ बलराम'ले ५ दिनमा दुई करोड रुपैयाँ ग्रसकलेक्सन गरेको छ। निर्माण युनिटले मंगलबार चलचित्रको आम्दानी सार्वजनिक गर्दै ग्रसकलेक्सन जानकारी गराएको हो। कातिक ६ गतेबाट प्रदर्शनमा आएको फिल्मले१० गतेसम्म दुई करोडभन्दा माथि ग्रसकलेक्सन गरेको निर्माता आशिष एच तामाङले जानकारी दिए। चलचित्रको भावनात्मक सम्बन्ध र स्थानीयस्तरमा हुने दादागिरीलाई दर्शकले मन पराइरहेको तामाङको भनाई रहेको छ।



❐ वर्ष ३१ अंक ९२ ❐ २०८२ कातिक १३ गते बिहीबार 30 october 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# चिन्तामा किसान : स्याहार्ने बेला वर्षाले बिगाऱ्यो धान

**रामचन्द्र रायमाझी**

**तानसेन (पाल्पा),** कात्तिक १२/ किसानले मानो रोपी फलाएको मुरी धान वर्षाले विगारेपछि चिन्तित बनेका छन् । तिहार लगत्तै काटेका धान स्याहार्न नपाउँदै पानी परेपछि पाल्पाका किसान चिन्तित बनेका हुन् ।

यहाँका विभिन्न फाँटमा पाकेका धान किसानले तिहार पर्व मनाएपछि काटेर खेतमै राखेका थिए । धान स्यहार्न नपाउँदै पानी परेपछि धान खेतमै उम्रिने होकि भन्ने किसानलाई चिन्ताले पिरोलेको छ । भोलि बिहान भित्र्याउन भनेर अघिल्लो दिन दिउँसो काटेको बाली राति परेको पानीले बर्बाद बनाएको माडीफाँटका किसान विक्रम कुमालले सुनाए । खहरेकी तारा रायमाझीले खेतमा धानका थुप्रो बनाएर राखेकी थिइन् । बुधबार धान स्याहार्ने योजना बनाएकी उनको मंगलबार विहानदेखि परेको पानीले भिजेको छ । "तीनदिन पछि मात्रै पानी आएको भए पनि म धान भित्र्याइ सक्थें",उनले भनिन् । यस्तै, अर्गेलीका भिम खनालको घर आँगनमा थुपारेको धान पनि भिजेको छ । "अलिकति धान सोमबार स्याहारेका थियौं बाँकी मगलबारलाई राखेका थियौं, पानी आइहाल्यो",उनले भने, "पानी परेकाले धान स्याहार्न नसकिएको हो, आज आगनै पानीले भिजेको छ ।" पोखराथोकको मिना कुमालले अधियाँ गरेको जमिनमा मजदुर लगाएर रोपाइँ गरेकी थिइन् । स्याहार्ने बेला पानीले क्षति पुऱ्याएपछि उनी चिन्तित छिन् । "धान स्याहारेर वर्षभरीलाई खाने धान छुट्याउँछु, बचेको धान बेचेर केटाकेटीको पढाइलगायत अन्य काममा खर्च गर्छु भन्ने सोच बनाएकी थिएँ, बेमौसमी वर्षाले सबै सपना चकनाचुर पारिदियो", कुमालले भनिन् । "दु:ख गरेर फसल उब्जाए पनि स्याहार्न पाइँदैन, आफ्नो जग्गा छैन् । ठेक्कामा लिएर काम गरे पनि प्रकृतिले ठग्छ । काटेर खेतमा राखेको धान खेतमै पानीले भिजायो ।" स्याहार्ने बेला पानीले क्षति पुऱ्याएपछि उनीहरु जस्तै यहाँका अधिकांस किसान चिन्तित बनेका छन् । तिहारअघि र पछि पाल्पाको रामपुर, माडी, झडेवा, कचल, पूर्वखोला, अर्गली, गेझालगायतका फाँटमा पाकेका धान किसानले स्याहार्दै थिए । केही किसानले भने पानी पर्ने भन्दै हतारहतारमा स्याहारेका छन् । यहाँ मंगलबार विहानैदेखि परेको वर्षाका कारण काटेको धानबालीमा केही क्षति पुगेको कृषि ज्ञान केन्द्र पाल्पाकी प्रमुख अमिता पाण्डेले बताइन् । उनका अनुसार जिल्लामा हालसम्म ८ प्रतिशत धान काटि सकिएको छ । यकिन तथ्याङ्क नआए पनि मंगलबारको प्रारम्भिक रिपोर्ट अनुसार २ प्रतिशत धानमा क्षति पुगेको प्रमुख पाण्डेको भनाई छ । उनका अनुसार १० वटै पालिकाका कृषि इकाइहरूमा क्षतिको विवरण संकलन गर्न आग्रह गरिएको छ । वर्षा जारी रहेका कारण सबै विवरण आइनसकेको प्रमुख पाण्डेले बताइन् । उनले भनिन्, "जिल्लाका सबै पालिकाहरूबाट विवरण संकलन भएपछि हामी क्षतिको विवरण सार्वजनिक गर्ने छौं ।" यहाँका किसानलाई स्थानीय तहले पहिलेदेखि नै पानी पर्ने सूचना गरेकाले पनि ठूलो क्षति हुनबाट भने बचेको प्रमुख पाण्डेले बताइन् । विहीबारसम्म पानी पर्ने मौसम विभागले जनाएकाले काटिसकिएको धानमा केही क्षति भने हुन सक्ने उनको भनाई छ । पाल्पामा ३६ हजार ५ सय ३७ हेक्टरमा धान खेती हुँदै आएकोमा ८ हजार ६ सय २० हेक्टरमा बर्षेधान, ७ सय ५ हेक्टरमा चैते धान र २७ हजार २ सय १२ हेक्टरमा अन्य खेती हुँदै आएको छ । तर यस वर्ष ८ हजार २ सय १० हेक्टरमा मात्र वर्षेधान लगाइएको केन्द्रको तथ्याङ्कमा रहेको छ । *-रासस*





## संक्षिप्त समाचार

### इजरायली आक्रमणमा ६० को मृत्यु

**(रासस/एपी)**

**गाजा,** कात्तिक १२/गाजामा रातभर इजरायली हवाई आक्रमणमा कम्तीमा ६० जना नागरिकको ज्यान गएको छ । मारिनेमा बालबालिका र महिलाहरू पनि रहेका छन् । स्थानीय अस्पतालका अधिकारीहरूले बुधबार जानकारी दिँदै यो घटनालाई यस महिनाको सुरुदेखि लागू भएको नाजुक युद्धविरामका लागि सबैभन्दा गम्भीर चुनौती भएको बताएका छन् । यो घटनापछि गाजामा पुन: तनाव चर्किएको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले हमासले युद्धविराम उल्लैन गरेको आरोप लगाउँदै गाजामा 'शक्तिशाली आक्रमण' गर्न सेनालाई निर्देशन दिनुभएको थियो । उक्त निर्देशनपछि रातभर गाजाका विभिन्न क्षेत्रमा तीव्र बमबारी गरिएको थियो । प्रतिक्रियामा हमासले अर्को बन्धकको शव हस्तान्तरणमा ढिलाइ गर्ने चेतावनी दिएको छ । मध्य गाजाको देइर अल-बालाहस्थित अल-अक्सा अस्पतालमा इजरायली हवाई आक्रमणपछि तीन महिला र छ बालबालिका सहित कम्तीमा १० जनाको शव ल्याइएको अस्पतालको स्रोतले जनाएको छ । दक्षिणी गाजाको खान युनुसस्थित नासेर अस्पतालमा पाँचवटा हवाई आक्रमणपछि २० शव पुऱ्याइएको थियो, जसमा १३ बालबालिका र दुई महिला रहेका थिए । त्यसैगरी, मध्य गाजाको अर्को अस्पताल अल-अवदामा ३० वटा शव ल्याइएको छ ।

## देशभर आन्दोलन गर्ने दुर्गा प्रसाईंको घोषणा



**पाल्पा,** कार्तिक १२/विवादित व्यवसायी दुर्गा प्रसाईं र उनका समर्थकले मंसिर ७ गतेदेखि देशभर आन्दोलन गर्ने घोषणा गरेका छन् ।

प्रसाईंले सञ्चालन गरेको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ नामक अभियानमार्फत आन्दोलन गर्ने भनिएको छ । बुधबार मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरसँग छलफल गरेपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले मंसिर ७ गतेदेखि देशभर आन्दोलन गर्ने बताएका हुन् । उनले आन्दोलनबारे मानव अधिकार आयोगलाई समेत जानकारी गराएको बताए । आन्दोलनका क्रममा कसैले बन्द उल्लंघन गरे, तोडफोड वा आगजनी भए त्यसको जिम्मेवारी अभियानले नलिने उनको भनाइ छ । उनले आन्दोलन शान्तिपूर्वक हुने दावी गरे ।

## छहरामा ईभी दुर्घटना हुँदा तीन जनाको मृत्यु

**पाल्पा,** कार्तिक १२/जिल्लाको रैनादेवी छहरा गाउँपालिका -४ पिपल भञ्ज्याङ्गमा ईभी गाडी दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । दुर्घटनामा चालक छहरा अमलावासका ३४ वर्षीय कमल रायमाझी, रैनादेवी छहरा- १ सिद्धेश्वरका ३७ वर्षीय मुक्तबहादुर बुढाथोकी र छहरा -४ मेहलढापका ४१ वर्षीय रामबहादुर गाहाको निधन भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कमल प्रधानले जानकारी दिए । उनका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका तीनै जनालाई जिल्ला अस्पताल पाल्पा पठाएकोमा डाक्टरले मृत घोषणा गरेका हुन् ।

गाडीमा तीन जना मात्र सवार रहेको प्रधानले बताए ।



छहराको अमलावासबाट मेहलढापतर्फ जाँदै गरेको लुम्बिनी प्रदेश ०१-००१ ज ००९१ नम्बरको ईभी गाडी बुधबार दिउँसो दुर्घटना हुँदा चालकसहित तीन जनाको मृत्यु भएको हो । ईभी सडकदेखि झण्डै एक हजार मिटर तल खोल्सामा पुगेको छ । दुर्घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अलमलमा सरकार

जेनजी आन्दोलनबाट जन्मिएको सुशीला कार्की नेतृत्वको वर्तमान सरकारको काम चुनाव गराउनेबाहेक आन्दोलनको छानबिन गर्नुपर्ने, दोषीलाई कारबाही प्रक्रियामा ल्याउनुपर्ने जेनजी आन्दोनलको माग अनुसार सुशासन कायम र भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने हो । तर सरकार यी काम गर्न अलमलमा परेको छ । गठन भएको केही महिना बितिसक्दा पनि सरकारले ती अपेक्षाअनुसार गति लिन सकेको देखिँदैन । मुलुकमा सुशासनको अनुभूति जनस्तरसम्म पुग्न सकेको छैन, बरु पुरानै ढर्राको प्रशासनिक सुस्ती र नीतिगत अन्योलता देखा परेको छ । सरकारको पहिलो दायित्व शान्ति–सुरक्षा कायम राख्दै निर्वाचन अनुकूल वातावरण सिर्जना गर्नु हो । तर अहिलेसम्म पनि त्यस दिशामा ठोस प्रगति देखिएको छैन । सरकारी निकायहरूमा सक्रियताभन्दा पनि उस्तै किसिमको सुस्तता देखिन्छ ।

अहिलेको अवस्थामा राजनीतिक दलको विश्वास जितेर सरकार अगाडि बढ्नुपर्ने थियो तर अन्य एजेन्डामै अलमलिएको छ । यो अत्यन्त दुखद् हो । भ्रष्टाचार नियन्त्रणका मोर्चामा पनि सरकारले उल्लेखनीय सफलता देखाउन सकेको छैन । ठूला–ठूला घोटालाका बारेमा छानबिन हुन सकेको छैन । विकास निर्माणका कार्यहरू सुस्त गतिमा छन्, जसका कारण जेनजी सरकारप्रति पनि जनस्तरमा भरोसा बढ्न सकेको छैन । असन्तोष बढ्दै गएको छ । यस्तो अवस्थामा जनताको विश्वास पुनःस्थापना गर्न सरकारलाई तीव्र गतिमा परिणाममुखी काम गर्न आवश्यक छ । अब सरकारसँग समय धेरै छैन । निर्वाचन नजिकिँदै छ र त्यसलाई तोकिएको मितिमा सम्पन्न गर्न नसके यसको औचित्यमाथि नै प्रश्न उठ्नेछ ।

विशेष परिस्थितिमा पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा अनिर्वाचित व्यक्तिहरूको संलग्नतामा सरकार बनेको छ । तर यो संवेदनशील संक्रमणकाल लामो समयसम्म रहनु हुँदैन । विषम परिस्थितिमा गठन भएको सरकारले छिटोभन्दा छिटो आफ्नो दायित्व पुरा गरी मुलुकलाई राजनीतिक अस्थिरता र संवैधानिक जटिलताबाट जोगाउन अलमलमा पर्नु हुँदैन ।

### Opinion @ Social Network

महत्व सबैको आफ्नै हुन्छ
सुर्यको अगाडि बत्तीको कुनै अर्थ नहोला
तर अन्धकारको अगाडि महत्व धेरै हुन्छ ।

*(भुवन शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Bhuwan.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जेन–जी विद्रोह र परिवर्तन




स्विकार्नुपर्छ हालै भएको विद्रोह युवाहरूबिच देखिएको परिवर्तनको भावना हो । यसलाई "विद्रोह" किन भनिएको हो भने यो पुस्ताले पुरानो सोच, राजनीतिक संस्कृति, सामाजिक अन्याय र संस्थागत बेथितिको विरोधमा आफ्नो स्वर बुलन्द गरेका र चासो राख्न थालेका कारण हो । यो कुनै सत्तामा पुग्न सरकार बदल्न, कुनै दललाई सत्तामा बसाउन वा कुनै अमूक व्यक्तिका पक्षमा गरिएको थिएन । यसर्थ यस विद्रोहमा कुनै नेता थिएनन् सामुहिक भावना थियो । यो पहल जेनजी समूहमा पर्ने पुस्ताले समस्त नागरिक (अन्य पुस्ता) को वर्तमान राजनीति र विभिन्न दलहरुको दलीय सत्ता र सरकारी सत्ताले देखाएको अराजनीतिक व्यवहारले दिक्क बनाएको दम्भ र घमण्डले हिडाएको गलत बाटो, झाँगिदै गएको कुसंस्कारी प्रवृति र व्यवहारले बढाएको चिन्ता र असहमतिलाई प्रतिनिधित्व गरेर प्रदर्शन गरेको आंट एवं हिम्मत थियो । तर यो हिम्मतलाई स्विकार गर्न दल र दलीय आवद्धतामा रहेका अधिकांशले सकिरहेका छैनन् । यो गलत संकेत हो, यसले भविष्यमा यसै हुन्छ भन्ने आंकलन गर्न सकिने अवस्था छैन् । जेन-जी विद्रोहको पृष्ठभूमिलाई बुझ्न यसरी हेर्न सकिन्छ । यो डिजिटल पुस्ता हो । यो पुस्ता इन्टरनेट, मोबाइल र सामाजिक सञ्जालको पुस्ता हो । यो पुस्तालाई राजनीतिक चरित्रप्रति असन्तोष छ । निरन्तर दलहरूको असफलता, बढ्दो बेरोजगारी, अव्यवहारिक शिक्षा र अवसरको अभावले असन्तोष बढाएको छ । यसले यो पुस्तामा सामाजिक चेतनाले स्थान पाउन थालेको हो । यो पुस्तालाई लैङ्गिक समानता, पर्यावरणीय चासो, पारदर्शिता र स्वतन्त्रताको पक्षमा खुला अभिव्यक्ति आवश्यक मानिन्छ ।

राजनीतिप्रति चासो नराख्ने पुस्ताले राजनीति र सरकारी तन्त्रमा देखिदै आएका अभ्यासहरुबाट दिक्क भएर भन्न थालेका थिए "हामीलाई मौका देऊ" जस्ता अभियानहरू डिजिटल प्लेटफर्महरुमा सञ्चालन गर्दै आएको समय लामो भइसकेको थियो । यो पुस्ताले अपेक्षा गरेको पारदर्शी, जिम्मेवार र परिणाममुखी नेतृत्व, विज्ञान, प्रविधि, नव-उद्यम र हरित अर्थतन्त्रमा ध्यान केन्द्रित, लैङ्गिक समानता, विविधता र सामाजिक सहिष्णुता, भ्रष्टाचारमुक्त शासन र अवसरको समान वितरण नै हुन् । तर सत्ताको उन्मादमा रहेका दल र सरकार यो बुझ्न आवश्यक नै ठानेन् । परिणाम मुलक भर युवाहरुको आवाज विष्फोट भयो । विद्रोहमा उत्रिए तर सरकार यसको व्यवस्थापनमा लाग्नुको बदला सत्तालाई र राष्ट्रलाई अन्योल वा राज्य विहनिताको अवस्था सिर्जना गरी हिड्यो । नेपालको जेनजी विद्रोह कुनै हिंसात्मक आन्दोलनका लागि थिएन । बरु मानसिक र सामाजिक परिवर्तनको आन्दोलन थियो । तर यो पुस्ताको भावना बुझ्न नसकी सरकारविहिनताको अवस्थालाई उपयोग गर्दै केही स्वार्थी समूहको प्रवेशले हिसांत्मक अवस्थामा पुऱ्यायो र मुलुकमा ठूलो क्षती हुन पुग्यो । यसबाट सिर्जित अवस्थाको पुनः उपयोग गर्दै ज्ञात अज्ञात समूहहरु मुलुकलाई पुन अस्थिरतातर्फ घचट्ने प्रयत्नहरु गरिन थालेका छन् । यस्तो अवस्थामा पनि आफूलाई जिम्मेवार ठान्ने राजनीतिक दलहरु पनि खुलेर यो परिवर्तनका लागि खुलेको ढोकाबाट प्रवेश गरी नागरिक सरकारसँग सहकार्यगरी आगामी निर्वाचनलाई सफल पारी परिवर्तनका लागि सिर्जित अवसरको उपयोगतर्फ लाग्न तत्परता देखाउन नसकेको अवस्था छ । हालसम्मको पृष्ठभूमिलाई गहन विश्लेषण गरी जेन-जी पुस्ताले विभिन्न रणनीति अवलम्वन गरी विद्रोहको भावनालाई कमजोर बन्न नदिनेतर्फ लाग्न जरुरी देखिन्छ । अब प्रश्न उठ्छ यस्तो अवस्थामा जेन-जी पुस्ता र अगाडि देखिएका प्रतिनिधिहरुले के गर्नुपर्ने हो जसबाट पुस्तामाथी विश्वास बढोस्, यो पुस्ताले उठाएका मुद्धाहरुमाथी आमनागरिकको चासो, सहकार्य र समर्थन बढ्दै जाओस् अनि समाजले पनि आफ्नो मुद्धा बनाई जागरण ल्याउन सकोस् । पुस्ताको एकता र एक मत रहेको सन्देश दिने माध्यम निर्माणका लागि नियमिति रुपमा भेटघाट, सामाजिक समस्यामाथी छलफल र प्रभावकारिताका विषयमा छलफल गर्ने कार्य पहिलो पहल हुन सक्छ । यसबाट सामाजिक समस्या र आफ्ना मुद्धाहरुबारे नागरिकलाई सचेत बनाउनका लागि पुस्ताले नै आफ्नो आचरण र व्यवहारलाई कसरी विश्वासिलो बनाउने भन्ने विषयमा बलियो बनाउनेछ । हरेक नागरिक र पारिवारिक सदस्यहरुबिच स्वस्थ र रुपान्तरका बारेमा छलफल बढाउन जरुरी छ । व्यक्तिगत टिका टिप्पणीमा भन्दा मुद्धामा केन्द्रित हुन सकेमा पुस्ता माथि हेर्ने दृष्टिकोणमै परिवर्तन आउने छ । यो जेन-जी पुस्ताको ठूलो पूँजि बन्नेछ । यसले आृनो पालिका र देशलाई नै नयाँ दिशा दिन सक्छ, । यसर्थ यो ऊर्जा र असन्तोषलाई रचनात्मक सुधारतर्फ लगाउन मद्धत पुग्नेछ । जेन-जी पुस्ताबाट देशले धेरै अपेक्षा गरेको छ । उनीहरूबाट पारदर्शी, जिम्मेवार र परिणाममुखी नेतृत्वको आशा गरिएको छ । प्रविधि, नवाचार, विज्ञान र हरित अर्थतन्त्रप्रति उनीहरूको आकर्षणले देशको आर्थिक दिशा परिवर्तन गर्न सक्छ । लैङ्गिक समानता, अभिव्यक्ति स्वतन्त्रता र सामाजिक सहिष्णुतामा पनि उनीहरू प्रगतिशील देखिएका कारण यस्तो प्रभाव देखिने विश्वास गरिन्छ । पुस्ताका प्रतिनिधिहरुको आचरण व्यवहार र संस्कारले पुस्तालाई विभाजन गरी विद्रोहलाई कमजोर बनाउन गरिने हरेक षड्यन्त्र र पहलहरु निस्तेज बनेर जाने छन् । यदी यसबारे ख्याल गरिएन भने यो विद्रोहसँग केही चुनौतीहरू पनि छन् जुन झनै बढेर जाने देखिन्छ । पुस्ताबारे सामाजिक सञ्जालमा भ्रम फैलिने सम्भावना छ । अल्पकालीन सोच राखियो भने र पुराना पुस्तासँग संवादको कमी भयो भने आन्दोलनको प्रभावको स्थायित्वमा असर पार्न सक्छ । समग्रमा हेर्दा, नेपालमा जेन जी विद्रोहले नयाँ युगको सुरुवात गरेको छ । जसले पुरानो संरचनालाई चुनौती दिंदै सुधार र पारदर्शिताको बाटो खोल्ने संकेत दिएको छ । यदि यो ऊर्जा र असन्तोषलाई रचनात्मक रूपमा उपयोग गर्न सकियो भने, यही पुस्ता नेपालको भविष्यको मार्गदर्शक बन्न सक्छ । अब जेनजी पुस्ता र प्रतिनिधिहरुले कस्ता प्रक्रिया अवलम्वन गर्न जरुरी देखिन्छ भन्ने बारे सरसर्ती हेरौं । पहिलो भनेको आफैसँग सम्वद्ध पहलहरु बारे ज्ञान हुन जरुरी छ । आत्मचेतना र मानसिक स्वास्थ्यमा ध्यान दिन जरुरी छ । आफ्नो भावना, सोच र दवाबलाई बुझ्ने क्षमता विकास गर्नु आवश्यक छ । ध्यान (**meditation**), लेखन, वा प्रकृतिसँग समय बिताउने जस्ता अभ्यासले मानसिक सन्तुलन राख्न मद्दत गर्छ । यसर्थ "**Productivity**" भन्दा "एभबअभ या ङ्ब्लम" लाई पनि समान महत्व दिनु आवश्यक छ । दोश्रो पहलमा सामाजिक सचेतना र जिम्मेवारीलाई आत्मसाथ गर्न आवश्यक छ । यसमा सामाजिक मुद्दा (**environment, equality, ethic**) प्रति जागरूक रहन समाजलाई जानकारी गराउदै जानु पर्दछ ।

सामाजिक मिडियामा "**trend**" पछ्याउनु भन्दा "**trend**" पहिचान गर्दै जिज्ञासा राख्ने क्षमता विकास गर्नु पर्दछ । आफ्ना नजिकका सामाजिक र सामुदायिक संस्था र वडा स्तरबाटै आफ्ना मुद्धा बारे समुदायमा जिज्ञासा राख्ने पहल प्रारम्भ गर्न आवश्यक छ । त्यहाँ गरिने क्रियाकलापको प्रभावकारिता, पारदर्शिता, जवाफदेहीता र सेवा प्रवाहको अवस्था, प्रदर्शन गरिने व्यवहारमा सुधार ल्याउने बारे अभियानकै रुपमा प्रारम्भ जरुरी छ । वडा कार्यालय र पालिका कार्यालयका कर्मचारीको सेवा प्रवाहको अवस्था र सेवाग्राहीलाई गरिने व्यवहारमा सुधार ल्याउन मात्र पहल गरियो भने यसबाट वास्तविक रुपान्तरणको सुवात हुने छ । वडा कार्यालयले गरेका विविध क्रियाकलाप र सो अवसरमा अवलम्वन गरिएका पारदर्शिता, प्रभावकारिता, मर्मत सम्हार र उपयोगको अवस्था बारेमा छलफल प्रारम्भ भयो भने विकास र सुधारमा निकै प्रभावकारिता देखिने हुन्छ । वडा तहबट प्रवाह गरिने सेवामा चुस्तता र सेवा प्रवाहकर्ताको क्षमतामा सुधार ल्याउन जरुरी भएको अवस्थामा यस किसिमको पहलको महत्व र प्रभाव निकै उपयोगी देखिन्छ । अहिलेको आवश्यकता पनि यही हो । वडा तहमा रहेका सार्वजीनक सम्पति, सम्पदाको उपयोग, संरक्षण र अनधिकृत कब्जा गरिएका सम्पतिको बारेमा छलफल अगाडि बढाउन जरुरी छ ।

पालिका स्तरमा गरिने छलफलमा पालिका र नेतृत्व तहले पालिकाको विकास, सम्पतिको संरक्षण, उपयोग, वितरण, श्रोतको परिचालन, विनियोजन र प्राथमिकता जस्ता विषयमा यो पुस्ताले चासो राख्नु पर्ने देखिन्छ किन की भोली आफैले सम्हाल्नु पर्ने अवस्थामा क्षतविक्षत अवस्थामा पुग्न नदिन यो पहलको आवश्यकता हो । यो स्तरमा राखिने चासोमा भविष्यका बारे चिन्ता प्रदर्शन हुनु आवश्यक छ । अहिलेको अवस्था भनेको विना सोच, अवधारणा र लक्ष्य बेगर गरिएका क्रियाकलापबाट सुन्दर भविष्यको अपेक्षा गर्न सकिदैन तर जेनजी पुस्ताको मुख्य सरोकार पनि सुन्दर भविष्यको चाहाना नै हो । टेक्नोलोजी प्रयोगमा सन्तुलन राख्नुहोस्–उपकरण होइन, तपाईले नियन्त्रण गर्नुपर्छ ।

सुसाशन, पारदर्शीता, जवाफदेहीता सहितको शुन्य भ्रष्टाचारयुक्त समाज निर्माणका लागि आवश्यक पद्धतीको विकास नै हो । यसका लागि प्रविधिको प्रयोग र रणनीतिको अवस्था आृनो पालिकामा अवस्था, प्राथमिकता र पहलका सन्दर्भमा विशेषगरी प्राथमिकता दिनु पर्ने विषय हो । यसको सुधारले नै नतिजा वा डेलीभरीमा प्रभावकारिता देखिने हो । अर्को जिज्ञासा उब्जन सक्छ त्यो के भने के सम्वद्ध निकाय ( सरकारी वा निजि क्षेत्रका संघ संस्था) हरुमा जिज्ञासा राख्दैमा सबै हासिल हुन्छ त ! हो यसका लागि असल, सकारात्मक सम्बन्ध र सहकार्यमा विश्वास विश्वास दिलाउने कार्यहरुमा सहभागिता जनाउन जरुरी रहन्छ । त्यसैगरी विभिन्न विचार भएका व्यक्तिसँग संवाद गर्न खुला मनले प्रस्तुत हुन आवश्यक छ । **Networking, collaboration** र **empathy** जस्ता मूल्यहरूलाई प्राथमिकता दिन जरुरी छ । अहिले यो पुस्ताले प्रतिस्पर्धा भन्दा सहकार्यबाट ठूलो उपलब्धि सम्भव हुन्छ भन्ने मान्यतालाई आत्मसाथ गर्न जरुरी छ । जीवनमा "के कमाउने" भन्दा पहिले "किन र कसरी योगदान गर्ने" भन्ने बारेमा ध्यान दिदा पुस्ता प्रति थप विश्वास बढेर जाने देखिन्छ । हरेक पहलहरुलाई सानो तर अर्थपूर्ण कामले पनि ठूलो परिवर्तन ल्याउन सक्छ भन्ने मान्यता र उदारण स्थापित गराउन सक्नु पर्दछ । यसर्थ जेनजी पुस्ताले हरेक क्षेत्रमा राख्ने चासो पूर्व सूचना लिएर आधिकारीक सूचनासहित राख्न सकियो भने समाज रुपान्तरणमा सहयोगी बन्नेछ । पुस्ताले गर्ने व्यवहारले समाजमा सकारात्मक प्रभाव पार्ने छ । यो विद्रोहको भावनात्मक पक्ष पनि समाज रुपान्तरण सहित राजनीतिक र प्रशासनिक क्षेत्रमा परिवर्तन ल्याउने नै हो ।

***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन्।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पुराना साथीहरूसँग भेटघाट हुनेछ। आय आर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन्। | **तुला** : वेवीस्था गर्दा मन अप्रसन्न र हनेछ। गुप्त कुराहरू अरुसँग नभन्नुहोस्। |
| **वृष** : परीक्षामा सोचे अनुरुप परिणाम मिल्नेछ। व्यपारमा लाभका योग छन्। | **वृश्चिक** : कार्य सम्पादन हुनाले मनोबलमा वृद्धि हुनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **मिथुन** : ऋण लिनुपर्ला सावधान र हनुहोस्। अवसरवादीहरूले खुट्टा तान्नेछन्। | **धनु** : सकारात्मक रहने प्रयास गर्नुहोला। नयाँ योजनाहरूको रूपरेखा कोरिनेछ। |
| **कर्कट** : जीवनसाथीको सहयोग मिल्नेछ। दोहोराएर कार्य गर्दा सफलता मिल्नेछ। | **मकर** : नयाँअवसरहरू मिल्नेछन्। व्यवसायलाई लिएर गरिएको यात्रा सफल रहनेछ। |
| **सिंह** :व्यक्तिहरूसँग राम्रो सम्पर्क बन्नेछ। सामाजिक कार्यमा भाग लिने अवसर मिल्नेछ। | **कुम्भ** : आर्थिक स्थिति बिग्रिन सक्छ। अध्ययन अध्यापनमा मन विचलित हुनेछ। |
| **कन्या** : कार्यक्षेत्रमा हजुरको कामको प्रशंसा हुनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ | **मिन** : इष्टमित्रहरूको साथ पाइनेछ। छात्रहरूलाई भविष्यलाई लिएर चिन्ता रहनेछ। |




कथा — विमल लामिछाने

# कुटीमा बलेको दियो

*जीवनको सौन्दर्य खोजीको धूपमा तप तप पसिना झर्थ्यो । टुप्पी समेत पलाउन नसक्नेगरी खुइलिएको तालु कहिलेकाहीं पोल्थ्यो पनि । तर जीवनमा सौन्दर्यको विहानी ल्याउने इच्छाशक्ति भने हटेको थिएन । उनकी श्रीमतीलाई त गरिबीले नै खायो । न औषधि समयमा पर्याप्त पाइन्, न आहार नै । केही वर्षअगाडि उनले रोग, शोक र भोकको पीडासहित संसार छाडेर गइन् । यो विछोडले दिएको पीडाको ढकनी बाबुरामले अझै उघार्न सकेका छैनन् । अलिमाथि खत्री साहुको कृषि फर्ममा बाबुरामको सानोतिनो नोकरी छ । उनले नोकरीको ठूलो हिस्सा छोरी सुनिताको पढाइमा खर्चेका छन् । बचत भएको पैसाले दु:खले परिवारको गुजारा चलेको थियो ।*

नेपाली संस्कृतिमा अढेको सुदूर पश्चिमको एउटा दूर्गम गाउँ, जहाँ बिहानको घामको किरण ढिलो गरी भूँइमा झर्दथ्यो र साँझसम्म आउँथ्यो । त्यस गाउँको विचमा खेतीकोलागि खोलिएको घुमाउरो र लामो कुलो थियो । कुलोको डिलैमा टाँसिएको एउटा फुसको छानो र चर्किएको ढोकावाल सानो कुटीमा बस्थे, बाबुराम र उनकी छोरी सुनिता । बाबुरामको जीवन गोधूली झैँ थियो, न उज्यालो, न पूरै अन्धकार । उनका सपनाहरू पनि घरमाथिको कुलोको पानीजस्तै निरन्तर बगिरहन्थे । तर कहिल्यै पूरा भएनन् । श्रम र संघर्ष त बाबुरामका सहयात्री नै हुन् । जीवनको सौन्दर्य खोजीको धूपमा तप तप पसिना झर्थ्यो । टुप्पी समेत पलाउन नसक्नेगरी खुइलिएको तालु कहिलेकाहीं पोल्थ्यो पनि । तर जीवनमा सौन्दर्यको विहानी ल्याउने इच्छाशक्ति भने हटेको थिएन । उनकी श्रीमतीलाई त गरिबीले नै खायो । न औषधि समयमा पर्याप्त पाइन्, न आहार नै । केही वर्षअगाडि उनले रोग, शोक र भोकको पीडासहित संसार छाडेर गइन् । यो विछोडले दिएको पीडाको ढकनी बाबुरामले अझै उघार्न सकेका छैनन् । अलिमाथि खत्री साहुको कृषि फर्ममा बाबुरामको सानोतिनो नोकरी छ । उनले नोकरीको ठूलो हिस्सा छोरी सुनिताको पढाइमा खर्चेका छन् । बचत भएको पैसाले दु:खले परिवारको गुजारा चलेको थियो ।

छोरी सुनिता पाँच कक्षामा पढ्छिन् । उनलाई पढ्न मन त धेरै लाग्छ, तर कहिलेकाहीँ कापीमा अक्षरहरू धुमिलिन्छन् । बल्दै गरेको दीयोमा बर्तन सकिन्छ । दैनिकी चल्नै कठिन थियो । अभावकै कारण पेट र सपनाबीच सन्तुलन मिलाउनु बच्चा मनस्थितिका लागि कहिलेकाहीँ भारी हुन्थ्यो । तिहार नजिकिँदै थियो । गाउँभरि झिलिमिली लाइट, देउसीभैलोका रियल्र्सल, बजारमा भीडभाड । मानिसहरू सजावटका सामान र नयाँ कपडा किनिरहेका थिए । मिठाइका पसलहरूबाट तेलसँगै पीठो र चिनीको गन्ध फैलिरहेको थियो । तर बाबुरामको कुटीमा तिहार एउटा मौन सम्झनाको कथा जस्तै छ । पीडाले पोतिएको, मौनताले ढाकिएको । करसा र पिँढीका कुनाहरुमा मखमली ढकमक्क छन् तर मन बचैन छ । एक साँझ सुनिताले चम्किलो स्वरमा भनिन्, 'बाबा, हामी पनि झिलिमिली बत्तीका लहराले घर सिँगारौं न । मैनबत्ती बालौं न । सबै साथीहरूलेको तिहारमा घर झिलिमिली हुन्छ रे' छिमेकीहरु पनि उज्यालोको रमझममा नाचेका छन् । मस्तीमा छन् सबै ।! बाबुरामले छोरीतिर हेरे । थकित आँखा, झुलिरहेको अनुहारमा मुस्कानको झल्को आयो, 'छोरी, हाम्रो तिहार फरक हुन्छ । हामी बत्ती होइन, उज्यालो मनले तिहार मनाउँनु पर्छ ।! बाबुरामको साहित्यले सुनिताको बाल मष्तिस्कलाई छुन सकेन । बरु उल्टै बाबाको बुझाइप्रति खिन्नता प्रकट गर्दै कोल्टे फेरिन । त्यो रात बाबुराम चुपचाप ढोका बन्द गरेर पल्टिए पनि निदाउन सकेनन् । सुनिताका आशातित आँखामा देखिएको एउटा सानो निराशाको लप्कोले उनलाई भतभती पोलिरहेको थियो । नोकरीबाट आएको पैसापनि तिहार अगाबै छोरीको परीक्षा शुल्क तिरेका थिए । बाँकी रहेको केही पैसा छरछिमेकमा तिरोभरो गर्न पनि अपुग थियो । बिहान सबेरै उठे । भारी मन । उनले पुरानो झोला काँधमा हालेर नजिकैको बजार चोकतिर हान्निए, पैसाको खोजीमा । तिहारको छुट्टी भइसकेको थियो । बजारमा काम भेटिने छाँटकाँट नदेखेपछि पुन: उही खत्री साहुँ सम्झिए । उनीसँगै अनुनय विनय गरे । केही समय पसिना बगाउने मनसाय पोखे । तर साहुले नसुने झैं गरेपछि बाबुराम मनमनै कुँडिए, 'खत्रीसाहु त कामका भोका न हुन् । गरिबको अनुनय त उनीहरुलाई जोक्करको नखरा जस्तो लाग्छ ।! तरपनि बाध्यता थियो, भोली पनि खत्रीसाहुलाई बाबुरामको पसिना चाहिने सम्झिएर काम दिए । दिनभरको टन्टलापुर घाममा भर्खरै बाँझो पल्टाएको साहुको टारबारीमा मलका भारी पोखे । पसिना झारेर जीवनको एउटा सानो उज्यालो किन्ने उनको इच्छा मनभरी तैरिएको थियो, जस्तोसुकै कडा परिश्रम पनि यो बेला उनकोलागि बाध्यताको मुखारी बनेको थियो । भोक र थकान पत्तै भएन । साँझ घर फर्किंदा उनको हातमा दुई थान साना मैनबत्ती थिए, आधा किलो चिनी, र कुलामाथिको डाँडाबारी दमाईं दाइका गोठको बलेँसीबाट छिमेकी दमेनी कान्छीले टिपेर तिहार मनाउन थमाईदिएको एक मुट्ठी बोडी, करेला र एकझुप्पो सयपत्री फूल । किनेको होइन, छिमेकीको भावना बुझेर थमाइदिएको त्यो बोडी, करेला र फूलको झुप्पो बाबुरामका लागि अमूल्य थियो । उनी घर फर्किए । मैनबत्ती, चिनी र फूलको झुप्पो छोरी सुनितालाई थमाइदिए । साँझ सुनिता फूलको माला गाँथिरहेकी थिइन् । उनका साना औंलाहरू धागोमा फूल उनिँदैगर्दा बाबुरामको मनमा एउटा चेतना आयो, संसारको सबैभन्दा सुन्दर सजावट भनेकै 'खुशी ! हो, त्यो पनि बालापनको निष्कलंक 'खुशी ! । भनिन्छ, हरेक बाबुआमाको सन्तुष्टी छोराछोरीको खुशीमा छचल्किएको हुन्छ । बाबुछोरी भित्र पसे, दीयो बाले र मैनबत्तीको उज्यालोमा बाबुरामले सुनितालाई टिका लगाइदिए, अनि लक्ष्मी सम्झिएर ढोगीदिए । दुई मैनबत्तीको मधुरो उज्यालोमा लक्ष्मीपूजा सकियो । त्यो साँझ गाउँभरी मैनबत्ती बलेको थियो, सहरमा विजुली बत्तीका लहराको थुप्रो थियो । तर साँचो तिहार न त बत्तीको संख्या थियो, न मिठाइको महक । साँचो तिहार त त्यो अनुहार थियो, जहाँ बाबुले छोरीको हाँसो हेरेर जिउन चाहन्छन् । त्यहीँ लक्ष्मीको बास थियो, जहाँ बाबुरामले बगाएको पसिनामा लक्ष्मी मुस्कुराएकी थिइन् । त्यो दृष्टि लक्ष्मीको थियो, जहाँ बोडी, करेला र सयपत्रीको झुप्पो उपहार आाएको थियो । छिमेकीले छिमेकीको दर्द बुझ्नसके उज्यालो केवल करेन्टले हैन, करुणाले पनि जन्मिन्छ । बाबुरामलाई लाग्छ, तिहारको सन्देश पनि यही हो । शरीर र मनको सफाई, माया र ममताको उज्यालो, अनि जीवनप्रति समर्पणको श्रद्धा । दीप पैसाले किनेर होइन, भावना साटेर बाल्नुपर्छ, ताकि उज्यालो भित्रबाट फूटोस् । घरको भित्तामा खोपीमा राखिएको पुरानो रेडियोमा देउसी गीत बजिरहेको थियो, आँगनमा ओल्लो पल्लो घरका साना नानीहरु भेला भएर 'भैलो रे...भैलो रे... भनिरहेका थिए । त्यो स्वर हावाको गतिसँगै तरंगित भएर कुटीको चिसो भित्ताबाट टुक्रिँदै भित्र पस्दै थियो । सुनिताले थालमा चिनी र अलिकति चामल राखेर छिमेकीहरूसँगै भैलो गाइन् । छिमेकी दिदीहरु हाँस्दै बोले, 'ओहो ' सुनितापनि आएकी' भैली त मिठो गाउँदी रहिछ्यौ ! । बाहिरको संसार झिलिमिली थियो, रंगीचंगी थियो । तर त्यो रंगहरूभित्र कतिपय अनुहारहरू थाकेका थिए, नमीठो मौनताले भरिएका थिए । बत्ती त बलेकै थियो, तर उज्यालो चमक थिएन । बाबुरामको कुटीचाहिँ सानो थियो, अध्यारो थियो, तर भित्र पारशमणीको ज्योति झैं चमक दिने उज्यालो थियो, जसको एउटै कारण हो 'छोरीको खुशी ! । जहाँ छोरीको हाँसोमा बाबुले सारा पीडा र गरिबीको थकान पनि भुलेको थियो । त्यो रात बाबुरामले बुझे, तिहार झिलिमिली बत्तीले होइन, ममताको उज्यालोले रमाइलो बन्दोरहेछ । बत्तीको प्रकाश क्षणिक हो, तर छोराछोरी (परिवार)को मुस्कान सदाबहार अनि सार्थक रहेछ । छोरी रेडियोको तालमा स्वर मिसाउँदै थिइन्, बाबुराम लय थप्तै छोरीको खुशीमा थपडी बजाएर रमाइरहेका थिए ।

*-समकालीन साहित्य डटकम*

क्लासिक व्यङ्ग्य — केशवराज पिँडाली

# कुर्सी थाम्नु वा हत्याउनु छ भने



प्रतिबन्धित नेपाली काङ्ग्रेस र सात वामपन्थी पार्टीहरूले भने, "देशमा प्रजातन्त्र छैन ।" प्रजातन्त्र ल्याउन उनीहरू अब आउने फागुन ७ गते आन्दोलन गर्छन् रे ! यो सुनेर पञ्चहरूले भने, "यहाँ प्रजातन्त्र छ, पूरै छ ।" आफ्नो दाबी सिद्ध गर्न पञ्चहरूले अस्ति गएको १५ गते र्‍याली गरेर पञ्चायतको झ्याली पिटे । निर्दल र बहुदलका बीचमा अब द्वन्द्व नमच्चिएर थच्चिने कुरै भएन । त्यसैले मैले पनि अब यस अवसरलाई छोपी पैसा कमाउने दाउले एउटा 'बिजनेस कन्सर्न' खोल्ने भएको छु । तर चिन्ता एउटै छ, त्यो के भने पछि गएर यी बहुदलवादी र निर्दलवादी अवसरवादी भएर पनि सम्झौतावादी भइदिए भने आफू त फेरि तादी वा मादीमा पुगेर झ्वाम्म फालहाल्नुपर्ने हुन्छ । यस बेला मलाई लोककथाकी त्यो मर्छु भन्ने बूढी सासू र पोइल जान तयार भएर बसेकी तरुनी विधवा बुहारीको सम्झना भइरहेछ । कुरो के भएछ त भने मर्ने बेला नगिचिएको सम्झेर बूढी सासूले भनिछ, "हेर् बुहारी ! अब म मरिहाल्छु । म मरेपछि तँ पनि पोइल गइहाल्छेस् । त्यसैले यो खेतबारी बेचेर अलिकति धर्मकर्म गरी परत्र सुधार्छु म ।" बुहारीले स्वीकृति दिई, खेतबारी सबै बेचियो । तर समय बित्तै गयो, पछि त न बूढी मरी न बुहारी पोइल गई । घरमा खाने दानासम्म पनि भएन । अब यसै गरी देशमा प्रजातन्त्र छैन भन्ने कुरामा विवाद गरेर अहिले ड्यारड्यार र डुरडुर गर्न थालेकाहरू छ वा छैनमा मतैक्य भएर पटापट कुर्सीमा बसिदिए भने वामपन्थीहरू फेरि भटाभट फुटेर नौ टुक्राको नौ टुक्रैमा विभाजित हुनेछन् र व्यापार गर्छु भनी पुँजी लगाएर नाफा लिने कुरामा ढुक्क भएर बसेको म स्वाँठचाहिँ बिल्लिबाठको बिल्लिबाठमै पर्नेछु । केटाकेटीमा बूढापाकाहरूले भनेको सुनेको छु, दुई थरीका बीच झगडा भएका पाखामा बसेर हेर्नेले माझीऔँला र बूढीऔँलाको नङ जुधाएर 'नारद, नारद' भन्नु रे, झगडा चर्कंदै जान्छ रे । किन ढाँटिरहूँ अस्ति १५ गतेको पञ्चर्‍यालीमा मैले भूगोलपार्कमा बसेर नङ जुधाएर किटिककिटिक पार्दै नारदमन्त्र जपेको जप्यै गरेँ । सके अब तपाईंहरू भन्नुहोला, "ए मुलङ्गरे ! राजनीतिक विवादमा फल्ने र फुल्ने कुन बिजनेस हो यो तेरो ?" वास्तवमा सही कुरो गर्ने नै हो भने मेरो यो बिजनेसको मूल जरो नै राजनीतिक विवादमा गएर गाडिएको छ । राजनीतिक विवाद जतिजति चर्कन्छ र जतिजति जुलुस, प्रदर्शनहरू हुन्छन् उतिउति मेरो बिजनेस फल्छ, फुल्छ र फलदायी हुन्छ । अब तपाईंहरू सम्भवत: मनमनै भन्नुहोला, "ए बाबा ! यस तुलेगाँडोले कुन बिजनेस खोल्न आँटेछ, यस्तो राजनीतिक अशान्तिमा बिग्रने सट्टा झन् फल्ने र फुल्ने ?" भइगयो अब म तपाईंहरूलाई धेरै बेरसम्म कुतूहलमा राख्दिनँ । मेरो यो नयाँ खोल्ने बिजनेस कन्सर्नको नाम हो, 'जिन्दावाद एन्ड मुर्दावाद कं. प्रा.लि. ।' यसको अध्यक्ष तथा महाप्रबन्धक म स्वयं हुनेछु । हुन त कम्पनीको नामैबाट पनि कम्पनीको काम के रहेछ भन्ने कुरो स्पष्ट हुन्छ । तर पनि खुलस्तै गरेर भनिदिऊँ, कुनै पनि बहुदलवादी, निर्दलवादी वा जोसुकै पनि वादी तथा प्रतिवादीले जुलुस निकालेर जिन्दावाद, मुर्दावाद गराउनु छ भने मेरो कम्पनीबाट भाडामा गराउन सक्नेछन् । अब यस जिन्दावाद एन्ड मुर्दावाद कम्पनीमा तपाईंहरू पनि सरिक भएर सेयर होल्डर बन्न चाहनुहुन्छ भने आउनोस्, मेरो 'जिन्दावाद एन्ड मुर्दावाद कम्पनी' को सेवा प्राप्त गरेर कुर्सी हत्याउनोस् । के गर्ने र पञ्चहरू प्राय: लोभी र पापी भइदिए । अस्ति १५ गते बहुदलवादीहरूलाई तर्पण दिने उद्देश्यले निकालेको र्‍यालीमा पनि पैसा खाने भइदिए । कति वरिष्ठ कहलिएका पञ्चहरूले त झन् लिने बेलामा लिए ठूलाठूला थैली, मनाउने बेलामा चाहिँ मनाए आफ्नै भैली । जसले गर्दा सरकारलाई लाज पचाएर कतिपय संस्थानका मानिसहरूलाई अनिवार्य रूपमा सामेल गराएर जिन्दावाद र मुर्दावाद भट्याउन लगाउन परिरहेको । त्यसैले हामपन्थी, वामपन्थी, दामपन्थी, घामपन्थी र जामपन्थी गरी कुर्सीका दाबेदारहरू जो, जति, जे पन्थीहरू हुनुहुन्छ यस देशमा आउनोस् मेरो कम्पनीबाट भाडामा जिन्दावाद-मुर्दावाद गराउनोस् र राजनीतिक फाइदा उठाउनोस् । राजधानीमा जोसुकैले पनि राजनीतिक उद्देश्यप्राप्तिका लागि मेरो यस कम्पनीबाट शान्तिपूर्ण प्रदर्शनका लागि दस व्यक्तिदेखि दस लाख व्यक्तिसम्म भाडामा लिन सक्नेछ । यस कम्पनीका कार्यकर्ताहरू प्रदर्शन, धर्ना, पिकेटिङ र नाराबाजीमा सिद्धहस्त छन् । भाडा प्रदर्शनको प्रकृति, स्वभाव, परिस्थिति र आकार तथा प्रकार हेरी अग्रिम लिइनेछ । यद्यपि प्रदर्शन शान्तिपूर्ण कार्यका लागि मात्र भाडामा दिइनेछ । तर पनि २०३६ सालको जस्तो मोसो दलेर सहर घुमाउने, आगो सल्काउने र मोटर पोल्नेजस्ता कार्य पनि विशेष परिस्थितिमा स्वीकार गरिनेछ । यसका लागि भाडाचाहिँ दोब्बर लाग्नेछ ।

*घरमा खाने दानासम्म पनि भएन । अब यसै गरी देशमा प्रजातन्त्र छैन भन्ने कुरामा विवाद गरेर अहिले ड्यारड्यार र डुरडुर गर्न थालेकाहरू छ वा छैनमा मतैक्य भएर पटापट कुर्सीमा बसिदिए भने वामपन्थीहरू फेरि भटाभट फुटेर नौ टुक्राको नौ टुक्रैमा विभाजित हुनेछन् र व्यापार गर्छु भनी पुँजी लगाएर नाफा लिने कुरामा ढुक्क भएर बसेको म स्वाँठचाहिँ बिल्लिबाठको बिल्लिबाठमै पर्नेछु । केटाकेटीमा बूढापाकाहरूले भनेको सुनेको छु, दुई थरीका बीच झगडा भएका पाखामा बसेर हेर्नेले माझीऔँला र बूढीऔँलाको नङ जुधाएर 'नारद, नारद' भन्नु रे, झगडा चर्कंदै जान्छ रे । किन ढाँटिरहूँ अस्ति १५ गतेको पञ्चर्‍यालीमा मैले भूगोलपार्कमा बसेर नङ जुधाएर किटिककिटिक पार्दै नारदमन्त्र जपेको जप्यै गरेँ । सके अब तपाईंहरू भन्नुहोला, "ए मुलङ्गरे ! राजनीतिक विवादमा फल्ने र फुल्ने कुन बिजनेस हो यो तेरो ?" वास्तवमा सही कुरो गर्ने नै हो भने मेरो यो बिजनेसको मूल जरो नै राजनीतिक विवादमा गएर गाडिएको छ । मनमनै भन्नुहोला, "ए बाबा ! यस तुलेगाँडोले कुन बिजनेस खोल्न आँटेछ, यस्तो राजनीतिक अशान्तिमा बिग्रने सट्टा झन् फल्ने र फुल्ने ?" भइगयो अब म तपाईंहरूलाई धेरै बेरसम्म कुतूहलमा राख्दिनँ ।*

*-साहित्यपोस्ट डटकम*

# आज कुष्माण्डा नवमी पर्व



**पाल्पा,** कार्तिक १२/कार्तिक शुक्ल नवमी, सनातन धर्मावलम्बीले आज कुष्माण्ड नवमी पर्व विविध कार्यक्रमको आयोजना गरी मनाउँदै छन् । आजको यो दिन कुष्माण्ड नवमीलाई अक्षय नवमी, अमला नवमी र धात्री नवमीको नामले चिनिन्छ ।

आजको दिन अमलाको वृक्षको पूजा गर्ने गरिन्छ । भगवान विष्णु कार्तिक शुक्ल नवमीबाट कार्तिक पूर्णिमा तिथिसम्म अमलाको रुखमा निवास गर्नुहुने धार्मिक मान्यता रहेको छ । यो दिन अमला अथवा पिपलको विवाह गरिदियो भने धेरै पुण्य प्राप्त भएर जन्मान्तरसम्म नाश हुँदैन भन्ने विश्वास रहिआएको छ । यो दिन अमलाको बोटमा अमृत प्राप्त हुने भएकाले प्रत्येक व्यक्तिले अमलाको पूजा गर्नु राम्रो मानिन्छ । अमलाको पूजा गर्दा पूर्वाभिमुख भएर जल, चन्दन, अक्षता, फूल, आदिले पूजा-अर्चना गर्नुपर्छ । पूजा गरिसकेपछि पहेँलो धागोले अमलाको रूखको परिक्रमा गराइन्छ । आयुर्वेदिक औषधिका रूपमा उपयोग गरिने अमला अमृत मानिन्छ । त्रिफला चूर्ण बनाउँदा आवश्यक पर्ने तीन जडीबुटीमध्ये अमला एक हो । हर्रो, बर्रो र अमला मिलाएर बनाइने त्रिफला चूर्ण धेरै रोगको उपचारमा प्रयोग गरिने आयुर्वेदिक चिकित्सक बताउन्छन् । पद्मपुराणअनुसार कार्तिक शुक्ल नवमीको दिन द्वापर युगको आरम्भ भएको थियो । यसै दिन भगवान् विष्णुले कूष्माण्ड नाम गरेको दैत्यको वध गरेको हुनाले यो दिनलाई कूष्माण्ड नवमी भनिएको हो । कूष्माण्ड दैत्यको शरीरबाट कुभिन्डो उत्पन्न भएको हुनाले यो दिन कुभिन्डो दान गर्नाले अनन्त कोटी फल प्राप्त हुन्छ । आजको दिन कुभिन्डो, सुन, चाँदी, पहेँलो कपडा, तामाको भाँडामा तिल राखेर दान गर्ने मनुष्यले आफूले चिताएको फल प्राप्त गर्ने विभिन्न धार्मिकग्रन्थमा उल्लेख गरिएको छ ।

# राष्ट्रिय सभाको निर्वाचन माघ ११ गते




**पाल्पा,** कार्तिक १२/सरकारले राष्ट्रियसभा सदस्यको रिक्त पदपूर्तिका लागि आगामी माघ ११ गते आइतबारका दिन निर्वाचनको मिति तोक्ने निर्णय गरेको छ ।

बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रियसभाको निर्वाचन माघमा गर्ने निर्णयसहित पाँच निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए । बैठकले सैंघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३ को अनुसूची-२ मा हेरफेर गर्ने निर्णय गरेको छ । यसमा स्वकीय सचिवालयको दरबन्दी घटाउने निर्णय भएको प्रवक्ता खरेलले बताए।त्यस्तै बैठकले कतारको दोहामा आयोजना हुने सेकेन्ड वर्ल्ड समिट फर सोसल डेभलपमेन्ट विषयक कार्यक्रममा सहभागी हुन राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा यहि कार्तिक १७ देखि २० गतेसम्म हुने औपचारिक भ्रमण स्वीकृत गर्ने निर्णय भएको प्रवक्ता खरेलले बताए । बैठकले छापाखाना र प्रकाशनसम्बन्धी दोस्रो संशोधन नियमावली २०८२ स्वीकृत गर्ने निर्णय गरेको छ भने नेपाल र मौरिससबिच भएको दोहोरो कर मुक्ति सम्झौता अन्त्य गर्ने निर्णय पनि गरेको छ ।

## खेलकुद समाचार

# अमेरिकाको लगातार दोस्रो जित



**काठमाडौं,** कात्तिक १२/आईसीसी विश्वकप लिग-२ अन्तर्गत युएईमा भैरहेको त्रिदेशीय श्रृंखलामा अमेरिकाले लगातार दोस्रो जित निकालेको छ । मंगलबार भएको खेलमा अमेरिकाले घरेलु टोली युएईलाई अन्तिम ओभरमा ४ विकेटले हरायो । जितका लागि २ सय १२ रनको लक्ष्य अमेरिकाले ४९ ओभर १ बलमा ६ विकेट गुमाएर भेट्टायो । उसका मिलिन्दकुमारले सर्वाधिक ७१ रन तथा कप्तान मोनांक पटेलले ५० रन बनाए । त्यसअघि पहिला ब्याटिङ गरेको युएईले निर्धारित ५० ओभरमा ९ विकेट गुमाउँदै २ सय ११ रन बनाएको थियो । उसका हर्षित कौशिकले सर्वाधिक ५३ रन जोडे । अमेरिकाले आइतवार भएको खेलमा नेपाललाई १ सय ६ रनले हराएको थियो । अमेरिका २२ खेलमा ३२ अंकसहित तालिकाको शीर्षस्थानमा छ । १७ खेलमा ६ अंक रहेको युएई पुछारमा छ । नेपाल १७ खेलमा १२ अंकसहित सातौं स्थानमा छ । नेपाल र युएईबीच भोलि खेल हुनेछ । नेपाल, अमेरिका र युएईबीच अहिले श्रृंखला चलिरहेको हो ।


## वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से घट्यो, कारोबार रकम बढ्यो



**पाल्पा,** कार्तिक १२/नेप्से सामान्य अंकले घटेको छ । अघिल्लो कारोबार दिन मंगलबार ६६ अंकले वृद्धि भएको नेप्से परिसूचक बुधबार ५ दशमलव १७ अंकले घटेर २ हजार ५ सय ६६ दशमवल १६ विन्दुमा अडिएको छ । सेन्सेटिभ इण्डरेक्स ०.३४ प्रतिशतले घटेर ४४७.४१ विन्दुमा पुगेको छ । नेप्से सामान्य अंकले घटे पनि कारोबार रकम भने मंगलबारको तुलनामा बढेको छ । यसदिन करिब साढे ५ अर्बको सेयर कारोबार भएको छ । मंगलबार साढे ४ अर्बको कारोबार भएको थियो । बुधबार ३ सय २१ स्क्रिप्सको १ करोड १५ लाख १ हजार २ सय ८४ कित्ता सेयर ५ अर्ब ४५ करोड ९७ लाख ६७ हजार ६ सय ८१ रुपैयाँमा खरिदबिक्री भए । सोही दिन खानीखोला हाइड्रोपावरको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो।यसैगरी उपकार लघुवित्त वित्तीय संस्थाको सेयर ९ दशमलव ९८ प्रतिशतले बढ्दा मानुषी लघुवित्त वित्तीय संस्थाको ९ दशमलव ९१, हिमालयन पावर पार्टनरको ८ दशमलव ७४ र आशा लघुवित्त वित्तीय संस्थाको ७ दशमलव ६८ प्रतिशतले बढ्यो।कारोबार रकमका आधारमा युनियन हाइड्रोपावर शीर्षस्थानमा रह्यो। सो कम्पनीले २३ करोड ६५ लाख बढीको सेयर कारोबार गर्यो । एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टले २३ करोडको सेयर कारोबार गर्दा बुटवल पावर र राधी विद्युतले २२/२२ करोड र हिमालयन रिइन्स्योरेन्सले १८ करोडको सेयर कारोबार गरे । कारोबारमा आएकामध्ये ८५ स्टक्सको मूल्य बढ्दा १५९ वटाको घट्यो । ६ स्टक्सको मूल्य भने स्थिर रह्यो। चार समूहको उपसूचक बढ्दा ९ समूहको घट्यो ।


# विपद्को पूर्व तयारी गरौं।

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता विपद्जन्य जोखिमबाट जोगिन:

-घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,

-जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,

-आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,

-विद्यालय, कार्यालय र समुदायमा विपद् व्यवस्थापन योजना बनाऔं,

अफवाह नफैलाऔं आधिकारिक जानकारीमा मात्र भर परौं ।

बिपद् रोक्न सकिँदैन, पूर्व तयारी गरे क्षति घटाउन सकिन्छ !

नेपाल सरकार

विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई